# बागुलङ जिल्लाको न्यायिक समितिको प्रथम जैमिनी घोषणापत्र

## मिति २०८१।०२।३२ गते

आज मिति २०८१ जेष्ठ ३२ गते रोज शुक्रबारका दिन जैमिनी नगरपालिका बागलुङको आयोजनामा हामी सबै बागलुङ जिल्लाका नगरपालिका र गाउँपालिका र साविकको धौलागिरी अञ्चलका नगरपालिका भित्रका न्यायिक समितिका संयोजक एंव पदाधिकारीहरु जैमिनी ऋषिको तपोभूमि जैमिनी नगरपालिकाको कुश्मिसेरामा उपस्थित भई तपसिल बमोजिमको प्रथम बागलुङ जिल्लाको न्यायिक समितिको सम्मेलन मार्फत जैमिनी घोषणापत्र जारी गर्दछौं ।

१. नेपालको संविधान, न्यायका सर्वमान्य सिद्धान्तका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ अनुसारका अधिकार क्षेत्र भित्र रहि स्थानीय स्तरमा उत्पन्न हुने विवादको समाधान छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी विधि र प्रक्रिया अवलम्वन गरी सबैका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्नेछौं ।

२. न्यायिक निरुपणको प्रक्रियालाई आम नागरिक मैत्री बनाउन हाम्रो समस्या हाम्रै समाधान मेलमिलाप भन्ने मुल नारालाई सार्थकता दिन वडास्तरमा नै पहिलो सुनुवाई गरि विवादहरुको मेलमिलाप मार्फत समाधान गर्नेमा हाम्रो जोड रहेको छ । जसको लागि सामूदायिक मेलमिलापकर्ताहरुको पहिचान सुचिकृत, तालिम र परिचालन हुने व्यवस्था गर्नेछौं।

३. न्याय सम्पादनमा न्यायिक निश्पक्षता कायम गर्न न्यायिक समितिमा रहने पदाधिकारीको आचार संहिता बनाई लागु गर्नेछौं । न्याय सम्पादनको विधि र प्रक्रियामा समेत सबैलाई न्याय हुने गरि कार्यविधि र प्रक्रियाहरु तय गर्नेछौं । स्वार्थ बाझिने कुनै पनि विषय, घटना र क्षेत्रमा हामी न्यायिक निश्पक्षताको सिद्दान्त पूर्ण परिपालन गर्नेछौं ।न्यायिक समितिका पदाधिकारीको पद र जिम्मेवारीलाई थप गरिमामय बनाउने प्रयत्त गर्नेछौं ।

CamScanner

४. न्यायिक समितिहरुले गरेका निर्णय र फैसलाको पूर्ण परिपालनाका लागि निरन्तर अनुगमन सहित कार्यान्वयनको सुनिश्चिता गर्नेछौ भने न्यायिक निकायले गरेका फैसलाहरुको कार्यान्वयन सहजिकरणमा समेत उचित भूमिका निर्वाह गर्नेछौ ।

५. स्थानीय न्यायीक समितिलाई थप व्यवस्थित गर्न कानून समूहको दरवन्दी सिर्जना गरि एक जना कानून अफिसर सहित आवश्यक कर्मचारी राख्ने प्रवन्धका लागि संघ सरकार र प्रदेश सरकासँग पहल गर्नेछौ ।

६. न्यायिक निरुपणमा अन्तरसम्बन्धित भएर आउने विषयहरुमा एक अर्को स्थानीय सरकारसँग भएको सुचना र जानकारी एक आपसमा आदानप्रदान गर्ने र न्याय सम्पादनलाई वस्तुगत, तथ्यमा आधारित बनाउन उपयुक्त सञ्चार प्रणाली विकास गर्न प्रतिवद्द छौ ।

७. विवादहरुको प्रभावकारी समाधान गर्दै स्थानीय तहमा दिगो विकास र खुसी नागरिक सहित सामाजिक न्याय स्थापीत गर्ने अभियानलाई निरन्तर सञ्चालन गर्नेछौ ।

८. स्थानीय सरकारका अधिकारको न्यायिक कायक्षेत्र सहजिकरणका लागि कम्तिमा जिल्ला समन्वय समितिमा रहने गरी स्थानीय न्यायधिवक्ताको दरवन्दी सृजना गरी संस्थागत र कानूनी व्यवस्था गर्न आवश्यक पहल गर्नेछौ ।

९. समूदाय स्तर देखिनै मेलमिलाप केन्द्रहरुले गरेका न्यायिक निरुपणका विषयहरुको अभिलेखिकरण गरी न्याय सम्पादनको लागि व्यवस्थित कार्ययोजना तय गर्नेछौ ।

१०. स्थानीय न्यायिक समितिले सम्पादन गरि आएका विषयमा अन्तरपालिका समन्वय सहजिकरण र असल अभ्यासको जानकारी गर्न गराउनका लागि अर्धवार्षिक बैठक र बार्षिक रुपमा जिल्ला सम्मेलन चक्रिय रुपमा गर्ने प्रतिबद्दता गर्दछौ ।

CS CamScanner

राजु खड्का

बागलुङ नगरपालिका

तेज बहादुर थापा

काठेखोला गाउँपालिका

फमलाल न्यूरे

गलकोट नगरपालिका

धन वहादुर कायत

ढोर पाटन नगरपालिका

भिम वहादुर रोका

ताराखोला गाँउपालिका

हरिहर शर्मा

जैमिनी नगरपालिका

शोभाकुमारी क्षेत्री

फलेवास नगरपालिका

भिमसेन वन

वड्डिगाड गाँउपालिका

प्रेम घर्तीमगर

निसिखोला गाँउपालिका

हिरा कुमारी छन्त्याल

तमानखोला गाउपालिका

ज्योति लामिछाने

बेनि नगरपालिका

दिलिप कुमार पुन

बरेङ गाँउपालिका

CS CamScanner